लुम्बिनी प्रदेश सरकार
# आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

## सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएकाहरूको उपचारमा सहयोग कार्यक्रम २०८१ सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति:-२०८१।११।२१**

लुम्बिनी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको चा.लु. आ.व. को वार्षिक भएको **सशस्त्र द्वन्द्वका क्रममा घाइते तथा अपाङ्ग भएकाहरूको उपचार कार्यक्रम** अन्तर्गत स्वास्थ्य उपचार सुविधा लिन इच्छुक लुम्बिनी प्रदेश भित्रका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र तपसिल अनुसारका कागजातहरु संलग्न गरी कार्यालय समयभित्र विधुतीय माध्यमबाट (इमेल:internalaffairsp5@gmail.com) निवेदन दिनहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल:

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
२. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ।
३. जिल्ला प्रशासन कार्यालयले दिएको सशस्त्र द्वन्द्वका क्रममा अपाङ्ग, घाइते वा अशक्त भएको भन्ने व्यहोराको सिफारिस पत्र ।
४. स्वास्थ्य समस्या पहिचान सम्बन्धी अस्पताल वा चिकित्सकको सिफारिस (प्रेस्क्रिप्सन) भएमा सोको प्रतिलिपि ।
५. स्वास्थ्य समस्यासंग सम्बन्धित वा पहिचान खुल्ने अन्य कागजात भए त्यस्तो कागजात ।

**थप जानकारीका लागि प्रशासन तथा योजना शाखाका अधिकृत श्री भुप बहादुर मल्ल (मोबाइल नं. ९८४७८४९२६४) लाई सम्पर्क गर्न सक्नुहुनेछ ।**

रेखा कंडेल
प्रदेश सचिव

"समृद्ध लुम्बिनी आत्मनिर्भर प्रदेश"
**Email: internalaffairsp5@gmail.com, Website: www.moial.lumbini.gov.np**